## मस्यौदामा राय सुझाव उपलब्ध गराउने सम्बन्धी सूचना

विधायेन ऐन, २०८१ को दफा ६ को उपदफा (२) को प्रयोजनका लागि पूर्वाधार विकास मन्त्रालयबाट तयार गरिएको "पूर्वाधार विकास कोष सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" को मस्यौदा यसै साथ संलग्न गरी सर्वसाधारणको रायको लागि प्रकाशन गरिएको हुँदा सो सम्बन्धमा कुनै राय/सुझाव भए यस मन्त्रालयको इमेल ठेगाना moudkaanun@gmail.com मा उपलब्ध गराइदिनुहुन अनुरोध छ।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२)

## पूर्वाधार विकास कोष सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव

**(क) कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सो को विवरण:**

- **संघीय संरचना अनुकूल कानूनी समायोजन**
  संघीय शासन प्रणाली लागू भएपछि संघ, प्रदेश र स्थानीय तहबीचको भूमिका, दायित्व र अधिकार स्पष्ट गर्न वर्तमान कानूनी संरचनालाई परिमार्जन गर्न पूर्वाधार विकास कोष सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक अपरिहार्य भएको।
- **पूर्वाधार विकासमा वैकल्पिक वित्त परिचालनको बढ्दो आवश्यकता**
  तीव्र रूपमा बढ्दै गइरहेको शहरीकरणलाई व्यवस्थित गरी शहरी वातावरण र जीवनस्तरमा सुधार ल्याउन शहरी पूर्वाधार निर्माण, विकास तथा विस्तारमा ठूलो लगानीको आवश्यकता रहेको। सोह्रौं योजनाले तय गरेको आर्थिक वृद्धिदर हासिल गर्न योजना अविधमा कुल लगानी रु. १११ खर्ब ८४ अर्ब २३ करोड आवश्यक पर्ने अनुमान गरिएको छ। उक्त लगानीलाई सार्थक बनाउन परम्परागत स्रोतहरुबाट मात्र आवश्यक लगानी पूर्ति गर्न अपर्याप्त हुने हुँदा नयाँ वैकल्पिक स्रोतहरुको समेत पहिचान गरिएको जस अन्तर्गत वैदेशिक लगानी, सार्वजनिक—निजी साझेदारी, मिश्रित लगानी, आयोजना विकास ऋणपत्र, प्राकृतिक स्रोतको भण्डारबाट आय प्रवाह, वित्त परिचालन, जलवायु वित्त, कार्बन कर र विभिन्न सार्वजनिक संस्थानका कोषमा रहेको स्रोत परिचालन हुने अनुमान गरिएको छ।

  ठूला र आर्थिक पूर्वाधारका आयोजनाहरूको निर्माण तथा विकासमा वैकल्पिक वित्तीय उपकरणहरू परिचालनका लागि कोषको पुँजी पुनःसंरचना गर्न आवश्यक भएको।
- **विद्यमान राष्ट्रिय शहरी नीति, २०८१ को बुँदा नं. १४ को सम्बोधन**
  विद्यमान राष्ट्रिय शहरी नीति, २०८१ को कार्यान्वनका लागि उक्त नीतिको बुँदा नं. १४ को आर्थिक पक्ष अन्तर्गत नगर विकास कोषको पुनर्संरचना सहित शहरी पुर्वाधारका लागि थप पुँजी परिचालन गरिने छ। साथै सहरी लगानीका लागि वैकल्पिक स्रोतहरु, साझेदारी, हरित एवं जलवायु लगानी र अन्य वित्तीय उपकरणहरुको परिचालन गरिनेछ भन्ने उल्लेख भएको। कोषको विद्यमान ऐनमा पुँजी संरचना सम्बन्धी स्पष्ट व्यवस्था नभएको र शहरी पूर्वाधारमा दीर्घकालीन ऋण परिचालन गर्न पुँजी वृद्धिसहित पुँजी संरचना आवश्यक भएको।
- **सुशासन, पारदर्शिता र वित्तीय अनुशासन**
  कोषको स्रोत परिचालन, ऋण लगानी, अनुगमन तथा जवाफदेहितालाई अन्तर्राष्ट्रिय अभ्यास अनुसार सुदृढ बनाउन कानूनी सुधार आवश्यक भएको।
- **निजी क्षेत्र र विकास साझेदारसँग सहकार्य**
  सार्वजनिक—निजी साझेदारी (PPP) तथा विकास साझेदारबाट स्रोत परिचालन गर्न कानूनी स्पष्टता र लचकता आवश्यक भएकाले पूर्वाधार विकास कोष सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक आवश्यक भएको।

- **नेपाल सरकारले व्यवस्थापिका संसद्समक्ष प्रस्तुत गरेका नीति कार्यक्रम तथा बजेटमा कोषसँग सम्बन्धित बुँदा कार्यान्वयन**

  नेपालको संविधानअनुसार राज्य संरचना र राज्य शक्तिको बाँडफाँड संघ, प्रदेश र स्थानीय तहमा विभाजन गरिएकाले कोषको कार्यक्षेत्र विस्तार गर्न र सेवालाई प्रभावकारी गराउन नेपाल सरकारको आ.व. २०७६/७७ देखि आ.व. २०८२/८३ सम्म निरन्तर रूपमा सरकारको नीति कार्यक्रम तथा बजेटमा कोषलाई पुनःसंरचना गर्ने गरी पूर्वाधार विकासमा वैकल्पिक पुँजी परिचालन गर्ने संक्षम संस्थाका रूपमा विकास गरिने कुरा हुँदै आएको तर हालसम्म कार्यान्वयनमा आउन नसकेको।

**(ख) विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पार्ने प्रभाव**

पूर्वाधार विकास कोष सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकका व्यवस्थाहरूले नेपालको संविधानद्वारा प्रत्याभूत मौलिक हक तथा मानव अधिकारको संरक्षण, प्रवर्द्धन र कार्यान्वयनमा देहायबमोजिम सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छः

- **समानताको हकमा प्रभाव**

  विधेयकले पूर्वाधार विकासका लागि वित्तीय स्रोत परिचालनलाई संस्थागत र मापदण्डमा आधारित बनाउने व्यवस्था गरेकाले सेवा प्रवाहमा भौगोलिक, सामाजिक वा आर्थिक विभेद घट्न गई नेपालको संविधानको धारा १८ बमोजिमको समानताको हक प्रवर्द्धन हुनेछ।

- **आवासको हकमा प्रभाव**

  पूर्वाधार विकास कोषमार्फत सुरक्षित, किफायती तथा योजनाबद्ध आवास परियोजनामा लगानी विस्तार हुने भएकाले नेपालको संविधानको धारा ३७ अनुसारको आवासको हक कार्यान्वयनमा सहयोग पुग्नेछ। आवासको अधिकार सम्बन्धी ऐन, २०७५ बमोजिम प्रत्येक नागरिकलाई सम्मानजनक र सुरक्षित आवासको हक कार्यान्वयनमा सहयोग पुग्नेछ।

- **स्वच्छ वातावरणको हकमा प्रभाव**

  राष्ट्रिय शहरी नीति, २०८१ ले विभिन्न अन्तर्राष्ट्रिय हरित वित्तीय संस्थाहरुको स्रोतमाथिको पहुँच स्थापित गरी हरित पूर्वाधार विकासमा लगानी गर्न नगर विकास कोषलाई हरित लगानीवाहक (Green Financing Vehicle का रुपमा प्रवर्द्धन तथा परिचालन गरिने उल्लेख गरिएको छ। स्वच्छ तथा सुरक्षित खानेपानी, सरसफाइ, फोहोरमैला व्यवस्थापन तथा हरित पूर्वाधारसम्बन्धी परियोजनामा वित्तीय पहुँच वृद्धि भई नेपालको संविधानको धारा ३० बमोजिमको स्वच्छ वातावरणको हक संरक्षणमा सकारात्मक योगदान पुग्नेछ।

- **स्वास्थ्यको हकमा अप्रत्यक्ष प्रभाव**

  सुरक्षित खानेपानी र सरसफाइ जस्ता पूर्वाधारका परियोजनामा लगानी बृद्धि भई नागरिकको स्वास्थ्यमा सुधार आई नेपालको संविधानको धारा ३५ बमोजिमको स्वास्थ्यको हकको प्रभावकारी उपयोगमा सहयोग हुनेछ।

- **सूचनाको हक र सुशासनमा प्रभाव**

  कोषको सञ्चालन, ऋण प्रवाह, अनुगमन तथा लेखापरीक्षणसम्बन्धी पारदर्शी व्यवस्था लागू हुने भएकाले नेपालको संविधानको धारा २७ बमोजिमको सूचनाको हक तथा सुशासनको सिद्धान्त सुदृढ हुनेछ।

- **आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमा प्रभाव**

  पूर्वाधारको विकासबाट रोजगारी सिर्जना, सेवा पहुँच विस्तार र जीवनस्तर सुधार भई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको क्रमिक कार्यान्वयनमा योगदान पुग्नेछ। यस विधेयकका व्यवस्थाहरूले मौलिक हक तथा मानव अधिकारलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सीमित गर्ने कुनै व्यवस्था नगरी, ती अधिकारहरूको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत, वित्तीय र संरचनात्मक आधार सुदृढ गर्ने सकारात्मक प्रभाव पार्ने देखिन्छ।

(ग) **विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभाव**

पूर्वाधार विकास कोष सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकका व्यवस्थाहरूले राष्ट्रिय अर्थतन्त्र, सार्वजनिक वित्त र स्थानीय तहको वित्तीय व्यवस्थापनमा देहायबमोजिमका आर्थिक तथा वित्तीय प्रभाव पार्ने अपेक्षा गरिएको छः

- **पूर्वाधारमा लगानी वृद्धि**
  - विधेयकले पूर्वाधार विकास कोषलाई सुदृढ र स्पष्ट कानूनी आधार प्रदान गरेपछि संघ ,प्रदेश एवं स्थानीय सरकारहरुलाई पूर्वाधार विकास तथा विस्तार गर्नका लागि उपयुक्त संरचनागत व्यवस्था सहित प्रभावकारी रुपमा स्रोत साधन परिचालन भई शहरी पूर्वाधार विकासमा पूँजीगत लगानी वृद्धि समग्र आर्थिक प्रणालीमा सकारात्मक प्रभाव पर्ने।
  - मुलुक भित्र छरिएर रहेको पूँजीलाई बोण्ड, डिवेन्चर जस्ता विभिन्न वित्तीय उपकरणमार्फत पूर्वाधार विकासमा लगानी गर्न सकिने।
- **स्थानीय तहको वित्तीय पहुँच सुदृढीकरण**

  स्थानीय तहले पूर्वाधार विकासका लागि दीर्घकालीन र सहुलियतपूर्ण ऋण प्राप्त गर्न सक्ने अवस्था सिर्जना भई अनुदानमा मात्र निर्भरता क्रमशः घट्दै जानेछ।
- **सार्वजनिक वित्तीय व्यवस्थापनमा सुधार**

  ऋण प्रवाह, जोखिम व्यवस्थापन, लेखापरीक्षण र अनुगमनसम्बन्धी स्पष्ट व्यवस्था लागू भई सार्वजनिक स्रोतको प्रभावकारी, पारदर्शी र उत्तरदायी उपयोग सुनिश्चित हुनेछ।
- **निजी क्षेत्र र विकास साझेदारबाट स्रोत परिचालन**

  कानूनी स्पष्टताका कारण सार्वजनिक—निजी साझेदारी (PPP), विकास साझेदार तथा वित्तीय संस्थाबाट अतिरिक्त पूँजी परिचालन हुन गई सरकारी लगानीको गुणात्मक प्रभाव बढ्नेछ।
- **रोजगारी सिर्जना र स्थानीय अर्थतन्त्रमा प्रभाव**

  नगर पूर्वाधार परियोजनाहरूको कार्यान्वयनबाट निर्माण, सेवा र आपूर्ति श्रृंखलामा रोजगारी सिर्जना भई स्थानीय तथा राष्ट्रिय अर्थतन्त्र सुदृढ हुनेछ।
- **वित्तीय जोखिम न्यूनीकरण**

  मापदण्डमा आधारित ऋण प्रवाह, परियोजना मूल्याङ्कन र पुनःभुक्तानी संयन्त्रका कारण कोष तथा सरकारको वित्तीय जोखिम नियन्त्रणमा रहनेछ।

यस विधेयकका व्यवस्थाहरूले पूर्वाधार विकास कोषलाई सक्षम वित्तीय संस्थाका रूपमा विकास गर्दै सार्वजनिक स्रोतको दीगो परिचालन, स्थानीय तहको वित्तीय सुदृढीकरण र समग्र आर्थिक वृद्धिमा सकारात्मक आर्थिक तथा वित्तीय प्रभाव पार्ने देखिन्छ।

**(घ) विधेयकको व्यवस्थाबाट दिगो विकासका लक्ष्य (SDGs) हासिल गर्न पुग्ने सहयोग**

दिगो विकासका १७ लक्ष्यमध्ये पूर्वाधार विकास कोष सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकका व्यवस्थाहरूले नेपालले अंगीकार गरेका दिगो विकासका लक्ष्य (Sustainable Development Goals – SDGs) हासिल गर्न देहायबमोजिम प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग पुऱ्याउने अपेक्षा गरिएको छः

- **लक्ष्य १ गरिबीको अन्त्यः**

  नगर पूर्वाधार तथा सेवामा लगानी वृद्धि भई रोजगारी सिर्जना, आर्थिक गतिविधि विस्तार र शहरी–ग्रामीण सेवा पहुँचमा सुधार हुन गई गरिबी न्यूनीकरणमा योगदान पुग्नेछ।

- **लक्ष्य ६ः स्वच्छ पानी तथा सरसफाई**

  खानेपानी, ढल तथा सरसफाइसम्बन्धी परियोजनामा नगर विकास कोषमार्फत वित्तीय पहुँच विस्तार भई सुरक्षित पानी र सरसफाइ सेवाको पहुँच वृद्धि हुनेछ।

- **लक्ष्य ९ः उद्योग, नवीनता तथा पूर्वाधार**

  नगर पूर्वाधार विकासका लागि दीगो वित्तीय संयन्त्र सुदृढ भई गुणस्तरीय, भरपर्दो र दिगो पूर्वाधार निर्माणमा सहयोग पुग्नेछ।

- **लक्ष्य ११ः दिगो शहर तथा समुदाय**

  योजनाबद्ध शहरीकरण, सुरक्षित आवास, दिगो यातायात, फोहोर व्यवस्थापन तथा शहरी सेवा विस्तारमार्फत दिगो, समावेशी र सुरक्षित शहर निर्माणमा प्रत्यक्ष योगदान हुनेछ।

- **लक्ष्य १३ः जलवायु सम्बन्धी कार्य**

  हरित पूर्वाधार, जलवायु–अनुकूल परियोजना तथा वातावरणमैत्री लगानी प्रवर्द्धन भई जलवायु परिवर्तनको असर न्यूनीकरण तथा अनुकूलनमा सहयोग पुग्नेछ।

- **लक्ष्य १६ः शान्ति, न्याय र सशक्त संस्थाहरू**

  कोषको सञ्चालनमा पारदर्शिता, उत्तरदायित्व र सुशासन सुदृढ भई प्रभावकारी, जवाफदेही र समावेशी संस्थागत संरचना विकास हुनेछ।

विधेयकका व्यवस्थाहरूले शहरी पूर्वाधार विकासलाई संस्थागत, वित्तीय र नीतिगत रूपमा सुदृढ गर्दै दिगो विकासका लक्ष्यहरूको कार्यान्वयनमा बहुआयामिक योगदान पुऱ्याउने देखिन्छ।

**(ङ) विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभाव**

पूर्वाधार विकास कोष सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकका व्यवस्थाहरूले सार्वजनिक प्रशासन, वित्तीय व्यवस्थापन तथा सेवा प्रवाहमा सुशासनको सिद्धान्त सुदृढ गर्न देहायबमोजिम महत्वपूर्ण प्रभाव पार्ने अपेक्षा गरिएको छः

- **पारदर्शिता अभिवृद्धि**

  विधेयकले पूर्वाधार विकास कोषको स्रोत परिचालन, ऋण प्रवाह, परियोजना छनोट, अनुगमन तथा लेखापरीक्षणसम्बन्धी स्पष्ट प्रक्रिया र मापदण्ड व्यवस्था गरेकाले निर्णय प्रक्रिया खुला र पारदर्शी हुनेछ ।

- **उत्तरदायित्व र जवाफदेहिता सुदृढीकरण**

कोषका पदाधिकारी तथा सम्बन्धित निकायको भूमिका, दायित्व र जिम्मेवारी स्पष्ट हुने भएकाले कार्यसम्पादनप्रति उत्तरदायित्व र जवाफदेहिता बढ्नेछ।

- **विधिको शासनको प्रवर्द्धन**

  एकीकृत र अद्यावधिक कानूनी संरचनाले निर्णय प्रक्रियालाई सहज, सरल एवं पारदर्शी बनाई कानूनी स्पष्टता, एकरुपता, प्रभावकारी कार्यान्वयन तथा जवाफदेहिता सुनिश्चित गरी विधिको शासन (Rule of Law) सुदृढ गर्नेछ।

- **वित्तीय अनुशासन र इमान्दारिता**

  ऋण लगानी, जोखिम व्यवस्थापन, लेखा परीक्षण र प्रतिवेदन प्रणाली सुदृढ भई सार्वजनिक स्रोतको दुरुपयोग, अनियमितताको जोखिम घट्नेछ।

- **संस्थागत क्षमता र व्यावसायिकता वृद्धि**

  कोषको संरचना, जनशक्ति व्यवस्थापन र कार्यप्रणाली स्पष्ट भई संस्थागत दक्षता, व्यावसायिकता र सेवाको गुणस्तरमा सुधार हुनेछ।

- **अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढीकरण**

  परियोजना कार्यान्वयनको नियमित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनको व्यवस्था लागू भई नतिजामुखी प्रशासन (results-based governance) प्रवर्द्धन हुनेछ।

- **नागरिक विश्वास, अभिवृद्धि**

  पारदर्शी, उत्तरदायी र कानूनी रूपमा स्पष्ट व्यवस्था कार्यान्वयन हुँदा सार्वजनिक संस्थाप्रति नागरिकको विश्वास बढ्नेछ।

विधेयकका व्यवस्थाहरूले पूर्वाधार विकास कोषको सञ्चालनलाई पारदर्शी, उत्तरदायी र नियममा आधारित बनाउँदै सार्वजनिक स्रोतको सदुपयोग सुनिश्चित गर्ने र समग्र सुशासन प्रवर्द्धनमा सकारात्मक तथा दीगो प्रभाव पार्ने देखिन्छ।

**(च) विधेयकका व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोगः**

- **अन्तर्राष्ट्रिय जलवायु वित्त परिचालनमा सहयोग**

  नेपाल सरकार, अर्थ मन्त्रालयअन्तर्गत रहेको राष्ट्रिय निकाय National Designated Authority-NDA को हरित जलवायु कोष प्राविधिक समितिको मिति २०७४।०७।१९ को निर्णयानुसार नगर विकास कोषलाई Direct Access Entity का लागि आवेदन गर्न छनोट भई नगर विकास कोष हरित जलवायु कोषको मानक संस्था (Accreditation Institution) का रुपमा स्थापित गर्ने कार्यको प्रथम चरणको अन्तिम अवस्थामा रहेको छ । कानूनी र संस्थागत स्पष्टताले जलवायु कोष, विकास साझेदार र अन्तर्राष्ट्रिय वित्तीय स्रोत परिचालन गर्न सहज बनाउनेछ।

- **जलवायु—अनुकूल पूर्वाधारमा लगानी प्रवर्द्धन**

  बाढी, पहिरो, पानी अभाव जस्ता जोखिमलाई सम्बोधन गर्ने जलवायु—अनुकूल पूर्वाधार परियोजनामा वित्तीय पहुँच विस्तार हुनेछ।

- **जोखिम न्यूनीकरण र उत्थानशीलता (Resilience) अभिवृद्धि**

  जलनिकास, फोहोर व्यवस्थापन, हरित क्षेत्र, वर्षा पानी संकलन तथा सुरक्षित आवास परियोजनामार्फत शहरहरूको जलवायु उत्थानशीलता बढ्नेछ।

नेपाल सरकार

- **स्थानीय तहको जलवायु क्षमता सुदृढीकरण**
  स्थानीय तहलाई जलवायु अनुकूलनसम्बन्धी परियोजना योजना, वित्तीय व्यवस्थापन र कार्यान्वयनमा सक्षम बनाउने वातावरण सिर्जना हुनेछ।

- **हरित र वातावरणमैत्री लगानी प्रवर्द्धन**
  ऊर्जा दक्षता, नवीकरणीय ऊर्जा, हरित भवन र दिगो यातायात प्रणालीमा लगानी बढ्न गई कार्बन उत्सर्जन न्यूनीकरणमा सहयोग पुग्नेछ।

विधेयकका व्यवस्थाहरूले नगर पूर्वाधार विकासलाई जलवायु—अनुकूल र दिगो बनाउँदै स्थानीयदेखि राष्ट्रिय तहसम्म जलवायु अनुकूलन प्रयासलाई संस्थागत रूपमा सुदृढ गर्ने महत्वपूर्ण सहयोग पुऱ्याउने देखिन्छ।

(छ) अन्य विषयहरू:

- संघ, प्रदेश तथा स्थानीय तहलाई पूर्वाधार विकास तथा विस्तार गर्नका लागि उपयुक्त संरचनागत व्यवस्था सहित प्रभावकारी रुपमा स्रोत साधन परिचालन भई शहरी पूर्वाधार विकासमा पूँजीगत लगानी हुने ।
- नेपाल सरकारसँग ऋण तथा अनुदान उपलब्ध गराउने सम्बन्धमा सम्झौता गरेका द्विपक्षीय तथा बहुपक्षीय संघ संस्थाबाट प्राप्त भएको ऋण तथा अनुदान रकमलाई संघ, प्रदेश र स्थानीय तहको शहरी पूर्वाधार विकासमा परिचालन गराई सोको प्रभावकारी कार्यान्वयन हुने।
- शहरी पूर्वाधार विकासका लागि अवलम्बन गरेको दीर्घकालीन ऋण परिचालन अवधारणा अनुरुप शहरी पूर्वाधार विकासका क्षेत्रमा लगानी हुने।
- देशभित्र छरिएर रहेको पूँजीलाई बोण्ड, डिवेन्चर जस्ता विभिन्न वित्तीय उपकरण मार्फत पूर्वाधार विकासमा लगानी गर्न सकिने।
- प्रदेश तथा स्थानीय तहद्वारा प्रस्तावित पूर्वाधार आयोजनाहरुको अध्ययन, निर्माण तया सञ्चालन गर्न आवश्यक पर्ने परामर्श सेवा उपलब्ध गराउन सकिने।
- सामाजिक पूर्वाधारका आयोजनाहरुमा कोषबाट सहुलियत व्याजदरमा लगानी गरी वित्तीय क्षेत्रमा मिश्रित लगानीको सिद्धान्त अनुरुप लगानी गर्दा मुलुकको आर्थिक वृद्धिमा टेवा पुग्ने।

******

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## पूर्वाधार विकास कोष सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

**प्रस्तावनाः** सङ्घीय संरचना अनुरूप शहरी पूर्वाधार विकास वित्तीय उपकरण, लगानी व्यवस्थापन, परिचालन तथा साझेदारीमा आधारित लगानीलाई प्रवर्धन गर्न विद्यमान पूर्वाधार विकास कोषको स्थापना र सञ्चालन सम्बन्धी कानूनलाई समयानुकूल संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "पूर्वाधार विकास कोष ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ।

(ख) "आर्थिक पूर्वाधार" भन्नाले सार्वजनिक बजार, व्यापारिक तथा व्यावसायिक केन्द्र, बस पार्क, पशु वधशाला, गोदामघर, सूचना प्रविधि पार्क लगायतका समितिले तोकेका आयआर्जन हुने प्रकृतिका आयोजना सम्झनुपर्छ।

(ग) "ऋण" भन्नाले कुनै चल, अचल सम्पत्ति, धितो, बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई कोषले निर्धारण गरेको शर्तमा दिइने कर्जा सम्झनुपर्छ।

(घ) "ऋणी" भन्नाले कोषबाट ऋण लिने पूर्वाधार विकाससँग सम्बन्धित निकाय सम्झनुपर्छ।

(ङ) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको पूर्वाधार विकास कोष सम्झनुपर्छ।

(च) "डिबेन्चर" भन्नाले कोषले आफ्नो जायजेथा धितो राखी वा नराखी जारी गरेको ऋणपत्र सम्झनुपर्छ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ज) "पूर्वाधार आयोजना" भन्नाले खण्ड (ख) र (न) मा उल्लिखित आर्थिक पूर्वाधार तथा सामाजिक तथा आधारभूत पूर्वाधार सम्बन्धी आयोजनाका साथै सार्वजनिक निकायले निर्माण तथा सञ्चालन गर्ने अन्य कुनै पनि पूर्वाधार आयोजना सम्झनुपर्छ।

(झ) "पूर्वाधार विकाससँग सम्बन्धित निकाय" भन्नाले पूर्वाधारको निर्माण तथा विकास गर्नका लागि सामाजिक तथा आधारभूत पूर्वाधार आयोजना वा आर्थिक पूर्वाधार आयोजना सम्बन्धी कार्य गर्ने प्रचलित कानून बमोजिम स्थापित देहायका संस्था सम्झनुपर्छ :-

(अ) प्रदेश सरकार, स्थानीय तह वा सरकारी वा गैरसरकारी संस्था,



नेपाल सरकार

(आ) नगर विकास समिति वा खानेपानी उपभोक्ता संस्था वा शहरी पूर्वाधार विकाससँग सम्बन्धित संस्था वा कम्पनी, र

(इ) सार्वजनिक निकाय वा त्यस्ता निकायले छनौट गरेका शहरी पूर्वाधारसँग सम्बन्धित आयोजनामा लगानी गर्ने कुनै साझेदार निकाय।

(ञ) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले दफा ४४ बमोजिम नियुक्त कोषको प्रमुख कार्यकारी अधिकृत सम्झनुपर्छ।

(ट) "मन्त्रालय" भन्नाले नेपाल सरकारको पूर्वाधार विकास सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(ठ) "लगानी" भन्नाले पूर्वाधार विकाससँग सम्बन्धित निकायलाई प्रदान गरिने ऋण, अनुदान, शेयर, डिबेन्चर वा त्यस्तै प्रकृतिका अन्य पूँजीगत लगानी सम्झनुपर्छ।

(ड) "वित्तीय उपकरण" भन्नाले शहरी पूर्वाधारको निर्माण तथा विकासमा आवश्यक पर्ने ऋण, अनुदान, मिश्रित लगानी (हाइब्रिड इन्भेष्टमेन्ट), सहलगानी, हरित वित्त लगानी, मिश्रित वित्त, साझेदारी, कन्सोर्टियम फाइनान्सिङ, जमानतमा आधारित लगानी लगायतका वित्तीय स्रोत सम्झनुपर्छ।

(ढ) "शेयर" भन्नाले कोषको शेयर पूँजीको विभाजित अंश सम्झनुपर्छ।

(ण) "शेयरधनी" भन्नाले कोषको शेयरमा स्वामित्व भएको संस्था सम्झनुपर्छ।

(त) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले अध्यक्षलाई समेत जनाउँछ।

(थ) "समिति" भन्नाले दफा ४० बमोजिमको कोषको सञ्चालक समिति सम्झनुपर्छ।

(द) "साझेदारी" भन्नाले सम्बन्धित सार्वजनिक निकाय र निजी क्षेत्र बीच स्रोत र प्रतिफल बाँडफाँट तथा जोखिम व्यहोर्ने गरी आपसी सहकार्यमा पूर्वाधार आयोजना कार्यान्वयन गर्ने प्रबन्ध सम्झनुपर्छ।

(ध) "साधारण सभा" भन्नाले दफा ३८ बमोजिमको साधारण सभा सम्झनुपर्छ।

(न) "सामाजिक तथा आधारभूत पूर्वाधार" भन्नाले बाटो, सडक, बत्ती, पुल, खानेपानी, ढल निकास, फोहरमैला सङ्कलन, सार्वजनिक शौचालय, सार्वजनिक पुस्तकालय, विद्यालय, स्वास्थ्य सेवा एवम् अस्पताल, डिजिटल पूर्वाधार तथा त्यस्तै सार्वजनिक उपयोगका लागि बनाइने समितिले तोकेका विभिन्न पूर्वाधार सम्झनुपर्छ।

(प) "सार्वजनिक निकाय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह, नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको संस्था वा कम्पनी वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सार्वजनिक निकाय भनी तोकिदिएको सार्वजनिक संस्था सम्झनुपर्छ।

(फ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ र सो शब्दले उपमहानगरपालिका वा महानगरपालिकालाई समेत जनाउँछ।



नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद-२

## कोषको स्थापना तथा शेयर पूँजी संरचना

३. **कोषको स्थापना :** (१) पूर्वाधार विकाससँग सम्बन्धित निकायहरूलाई आवश्यक लगानी गर्न र आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्नका लागि पूर्वाधार विकास कोषको स्थापना गरिएको छ।

(२) कोषको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र कोषले आवश्यकता अनुसार नेपालभित्र आफ्नो शाखा कार्यालय खोल्न सक्नेछ।

४. **कोष स्वशासित सङ्गठित संस्था हुने :** (१) कोष अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित सङ्गठित संस्था हुनेछ।

(२) कोषले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ र कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिम अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

५. **कोषको काम, कर्तव्य र अधिकार :** (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कोषको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) पूँजी परिचालन सम्बन्धी-

(अ) पूर्वाधार विकाससँग सम्बन्धित निकायमा गरिने लगानीका लागि स्रोत सङ्कलन गर्न आवश्यक वित्तीय उपकरणहरू परिचालन गर्ने,

(आ) पूर्वाधार विकाससँग सम्बन्धित निकायलाई पूर्वाधारसँग सम्बन्धित आयोजना सञ्चालनका लागि शेयर वा डिबेन्चर वा बण्ड वा जमानतमा आधारित लगानी परिचालन गर्ने जस्ता वित्तीय उपकरण मार्फत पूँजी जुटाउने,

(इ) दुईपक्षीय वा बहुपक्षीय अन्तर्राष्ट्रिय विकास साझेदार, अन्तर्राष्ट्रिय सङ्घ-संस्था वा बैङ्क तथा वित्तीय संस्थासँग सम्झौता गरी प्राप्त ऋण, अनुदान वा अन्य आर्थिक तथा प्राविधिक सहायता परिचालन गर्ने, र

(ई) नेपाल सरकारले कोषका सम्बन्धमा कुनै विदेशी सरकार वा संस्था वा अन्तर्राष्ट्रिय संस्थासँग गरेको सम्झौता बमोजिम कार्य गर्ने, गराउने,

(ख) अनुदान, ऋण तथा लगानी सम्बन्धी-

(अ) पूर्वाधार आयोजना सञ्चालन गर्नका लागि पूर्वाधार विकाससँग सम्बन्धित निकायहरूलाई अनुदान वा ऋण लगानी गर्ने,

(आ) आयोजना धितो राखी ऋण दिने, हाइपोथिकेसन (बन्धकी) धितो राखी ऋण दिने एवं सहवित्तीयकरणको आधारमा धितो विभाजन (पारी पासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रूपमा ऋण दिने, दिलाउने,

(इ) पूर्वाधार विकाससँग सम्बन्धित निकायद्वारा संयुक्त रूपमा सञ्चालित आयोजनाहरूको लगानी व्यवस्थापन तथा सञ्चालन गर्ने, गराउने,

(ई) राज्यका तीनै तहको साझेदारीको अवधारणा अनुरूप छनौट वा सिफारिस भएका आयोजनामा लगानी गर्ने, र



नेपाल सरकार पूर्वाधार विकास ... काठमाडौं

(उ) सार्वजनिक-निजी क्षेत्रको साझेदारीमा निर्माण तथा सञ्चालन गरिने पूर्वाधार आयोजना तयार गरी लगानीका विभिन्न वित्तीय उपकरणहरू अवलम्बन गर्ने, गराउने,

(ख) प्राविधिक सहयोग तथा परामर्श सम्बन्धी-

(अ) पूर्वाधार आयोजना निर्माण तथा सञ्चालन गर्ने सम्बन्धित निकायको क्षमता अभिवृद्धिका लागि प्राविधिक सहयोग उपलब्ध गराउने,

(आ) पूर्वाधार आयोजनाका लागि आवश्यक पर्ने लगानी अभिवृद्धि सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई आवश्यक परामर्श सेवा उपलब्ध गराउने, र

(इ) प्रदेश सरकार वा स्थानीय तहबाट प्रस्तावित पूर्वाधार आयोजनाको पहिचान, अध्ययन, निर्माण तथा सञ्चालन गर्नका लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउने,

(घ) नीति निर्धारण, अनुगमन, मूल्याङ्कन तथा समन्वय सम्बन्धी-

(अ) कोषको उद्देश्य कार्यान्वयन गर्न स्पष्ट नीति, मापदण्ड निर्धारण गर्ने, गराउने,

(आ) कोषको लगानीमा सञ्चालित पूर्वाधार आयोजनाको अनुगमन र मूल्याङ्कन गर्ने,

(इ) लगानी विस्तार गर्न कोषको कार्यक्षेत्रसँग सम्बन्धित निकायहरूसँग समन्वय गर्ने, र

(ई) कोषको उद्देश्य प्राप्त गर्न अन्य आवश्यक कार्यहरू गर्ने।

(२) उपदफा (१) को खण्ड (क) को उपखण्ड (इ) बमोजिम अन्तर्राष्ट्रिय विकास साझेदार वा सङ्घ-संस्थासँग सम्झौता गर्नुअघि नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनुपर्नेछ।

६. <u>कोषको शेयर पूँजी संरचना र शेयरधनी</u> **:** (१) कोषको अधिकृत पूँजी एक खर्ब रुपैयाँ हुनेछ र सो रकमलाई एक सय रुपैयाँका दरले एक अर्ब कित्ता साधारण शेयरमा विभाजन गरिनेछ।

(२) कोषको जारी पूँजी पचास अर्ब रुपैयाँ र चुक्ता पूँजी बीस अर्ब रुपैयाँ हुनेछ।

(३) उपदफा (२) बमोजिमको शेयर पूँजीलाई शतप्रतिशत मानी देहायका निकाय वा संस्थालाई देहाय बमोजिम शेयर वितरण गरिनेछ :-

| | | |
|---|---|---|
| (क) | नेपाल सरकार | - चालिस प्रतिशत |
| (ख) | प्रदेश सरकार | - पाँच प्रतिशत |
| (ग) | महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका | - पन्ध्र प्रतिशत |
| (घ) | गाउँपालिका | - दश प्रतिशत |
| (ङ) | नेपाल सरकारको स्वामित्वमा रहेका निगम, कोष, संस्थान, कम्पनी, बैङ्क र अन्तर्राष्ट्रिय वित्तीय संस्था | - पन्ध्र प्रतिशत |
| (च) | निजी क्षेत्रका बैङ्क तथा वित्तीय संस्था | - पन्ध्र प्रतिशत |



नेपाल सरकार पूर्वाधार विकास मन्त्रालय काठमाडौं

(४) उपदफा (३) बमोजिम वितरण गरिएको शेयर प्रदेश सरकार, स्थानीय तह, नेपाल सरकारको स्वामित्वमा रहेका निगम, कोष, संस्थान, कम्पनी, बैङ्क वा अन्तर्राष्ट्रिय वित्तीय संस्था वा निजी क्षेत्रका बैङ्क तथा वित्तीय संस्थाले यो ऐन प्रारम्भ भएको मितिले दुई वर्षभित्र आफ्नो शेयरको अनुपातमा पूँजी रकम कबुल गर्न नसकेमा कोषले त्यस्तो शेयर नेपाल सरकारको निर्णय बमोजिम हुने गरी जफत, विक्री वा हक हस्तान्तरण गर्न सक्नेछ ।

(५) उपदफा (३) को खण्ड (ख), (ग), (घ), (ङ) र (च) बमोजिम शेयरको थप बाँडफँडका आधार र प्रकृया कोषको सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) यस ऐन बमोजिम उपदफा (३) को खण्ड (च) मा उल्लिखित संस्थाहरुलाई उपदफा (५) बमोजिम शेयर जारी तथा बाँडफाँड गर्दा प्रचलित धितोपत्र सम्बन्धी कानूनको प्रकृया लागू हुने छैन ।

(७) कोषले नेपाल सरकारको अनुमति लिई आफ्नो अधिकृत पूँजी थपघट गर्न सक्नेछ।

(८) कोषले नेपाल सरकारको अनुमति लिई चुक्ता पूँजी वृद्धि गर्न सक्नेछ।

(९) उपदफा (६) बमोजिम अधिकृत पूँजी थपघट गरेको वा उपदफा (६) बमोजिम चुक्ता पूँजी वृद्धि गरेको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

(१०) प्रत्येक शेयर अविभाज्य हुनेछ र शेयरधनीले आफूले लिएको प्रत्येक शेयरको एक मतको हिसाबले शेयरधनीहरूको साधारण सभामा मत दिन पाउनेछ।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कोषले अन्तर्राष्ट्रिय वित्तीय संस्थालाई शेयर बिक्री गर्नुअघि नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनुपर्नेछ।

७. <u>विवरणपत्र प्रकाशित गर्नुपर्ने</u> : कोषले आफ्नो शेयर वा डिबेन्चर बिक्रीका लागि निष्कासन गर्नुअघि तोकिए बमोजिमका कुराहरू खुलाई तोकिए बमोजिम विवरणपत्र प्रकाशित गर्नुपर्नेछ।

८. <u>शेयरको दरखास्त दिनुपर्ने</u> : कोषको शेयर खरिद गर्न चाहने निजी क्षेत्रका बैङ्क वा वित्तिय संस्थाले कोषले प्रकाशित गर्ने सूचनामा उल्लिखित ढाँचामा दरखास्त दिनुपर्नेछ।

९. <u>शेयर प्रमाणपत्र</u> : (१) प्रत्येक शेयरधनीलाई निजले लिएको शेयरको तोकिए बमोजिमको ढाँचामा प्रमाणपत्र दिइनेछ।

(२) प्रमाणपत्रमा खुलाउनुपर्ने विवरण तथा प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०. <u>शेयरको हस्तान्तरण तथा दाखिल खारेज</u> : (१) कोषको शेयर यस ऐनको अधीनमा रही चल सम्पत्ति सरह हक छोडिदिन वा धितो बन्धक राख्न सकिनेछ।

(२) कुनै शेयरधनीको मृत्यु भई वा विघटन भई वा त्यस्तो शेयरधनीको आफ्नो साहुलाई दामासाही गराई वा उपदफा (१) बमोजिम वा शेयरधनीको शेयर अरू कसैलाई हक छोडिदिएमा वा अरू कुनै व्यहोराले शेयरमा अरू कसैको हक हुन आएमा सो कुराको सबुद साथ सो हक प्राप्त गर्ने व्यक्तिले कोषमा दरखास्त दिएमा सो शेयर तोकिए बमोजिम हक प्राप्त गर्ने व्यक्तिको नाममा दाखिल खारेज गरिनेछ।

(३) हक हस्तान्तरण तथा दाखिल खारेज सम्बन्धी अन्य व्यवस्था कोषले निर्धारण गरे बमोजिम हुनेछ।



नेपाल सरकार पूर्वाधार विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

११. **शेयरधनीको दर्ता किताब :** (१) कोषले प्रत्येक शेयरधनीको नाम तोकिएको ढाँचाको दर्ता किताबमा तोकिए बमोजिमको विवरण समेत खुलाई दर्ता गरी राख्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको दर्ता किताबमा दफा १० बमोजिम शेयर हस्तान्तरण भएमा वा धितो बन्धक दिएमा वा दाखिल खारेज हुने भएमा सो को व्यहोरा समेत जनाई दर्ता किताब अद्यावधिक बनाई राख्नुपर्नेछ।

## परिच्छेद-३

## आर्थिक स्रोत, वित्तीय उपकरण तथा जमानत सम्बन्धी व्यवस्था

१२. **कोषले सेवा शुल्क लिन सक्ने :** कोषले पूर्वाधार विकाससँग सम्बन्धित निकायलाई पूर्वाधार विकास सम्बन्धी परामर्श सेवा प्रदान गरे बापत वा नेपाल सरकारका अन्य कुनै संस्थान वा निकायबाट प्राप्त हुन आएको अनुदान रकम परिचालन गरिदिए बापत कोषको सञ्चालक समिति निर्धारण गरेको सेवा शुल्क लिन सक्नेछ।

१३. **कोषले आर्थिक स्रोत जुटाउन सक्ने :** (१) कोषले आफ्नो उद्देश्य अनुरूपका कार्य सञ्चालन गर्न देहायका स्रोतबाट रकम जुटाउन सक्नेछ :-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ख) निजी क्षेत्र, बैङ्क तथा वित्तीय संस्थाबाट प्राप्त ऋण, अनुदान वा अन्य आर्थिक सहायता,

(ग) विदेशी सरकार, दुईपक्षीय, बहुपक्षीय दातृ निकाय तथा अन्तर्राष्ट्रिय सङ्घ, संस्था वा निकायबाट प्राप्त ऋण, अनुदान वा अन्य आर्थिक सहायता तथा प्राविधिक सहायता,

(घ) प्रचलित कानून बमोजिम ऋणपत्र जारी गरी प्राप्त हुने रकम, र

(ङ) अन्य स्रोतबाट प्राप्त हुने सहयोग तथा लगानी रकम।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको विदेशी सरकार वा संस्था वा निकायहरूसँग सहायता लिनुअघि कोषले नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनुपर्नेछ।

१४. **ऋणपत्र जारी तथा खरिद गर्न सक्ने :** (१) कोषले प्रचलित कानून बमोजिम डिबेन्चर तथा अन्य कुनै किसिमको ऋणपत्र जारी तथा खरिद गर्न सक्नेछ।

(२) कोषले डिबेन्चर तथा अन्य कुनै किसिमको ऋणपत्र जारी तथा खरिद गर्दा तोकिए बमोजिमको प्रक्रिया अपनाउनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम ऋणपत्र जारी गर्नुअघि नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनुपर्नेछ।

१५. **जमानत प्रदान गर्न सक्ने :** (१) कोषले पूर्वाधार विकाससँग सम्बन्धित निकायले जारी गर्ने वित्तीय उपकरणका लागि जमानत प्रदान गर्न सक्नेछ।

(२) कोषले उपदफा (१) बमोजिमको जमानत प्रदान गर्दा सम्बन्धित आयोजनाको वित्तीय सम्भाव्यता, नगद प्रवाहको प्रक्षेपण, ऋण भुक्तानी गर्ने क्षमता, उपलब्ध सुरक्षण, आयोजना जोखिम, आयोजना कार्यान्वयन गर्ने निकायको वित्तीय क्षमता तथा जमानतबाट सिर्जना हुन सक्ने आकस्मिक दायित्वको मूल्याङ्कन गर्नुपर्नेछ।



नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय

(३) कोषले देहायका जमानत सुविधा प्रदान गर्न सक्नेछ: -

(क) ऋण जमानत,

(ख) आंशिक ऋण जमानत,

(ग) साँवा वा ब्याज वा दुवै चुक्ता गर्ने सम्बन्धी भुक्तानी जमानत,

(घ) भुक्तानी जमानत,

(ङ) तरलता जमानत,

(च) स्थानीय तहले जारी गर्ने ऋणपत्रको सुरक्षणका लागि जारी हुने जमानत, र

(छ) पूर्वाधार आयोजना वित्तीयकरण सम्बन्धी अन्य जमानत सुविधा।

(४) जमानतको अधिकतम हद, अवधि, शुल्क, जोखिम मूल्याङ्कन, दाबी, भुक्तानी तथा असुली सम्बन्धी व्यवस्था कोषको सञ्चालक समिति निर्धारण गरे बमोजिम हुनेछ।

(५) यस दफा बमोजिम जमानत प्रदान गर्ने सम्झौता वा सो सँग सम्बन्धित कागजातको सम्बन्धमा प्रचलित सुरक्षित कारोबार सम्बन्धी कानून बमोजिम सुरक्षित कारोबार दर्ता कार्यालयमा दर्ता गराउनुपर्नेछ।

१६. <u>जमानत दाबी तथा भुक्तानी</u> : (१) दफा १५ बमोजिम जमानत प्रदान गरिएको आयोजना कार्यान्वयन गर्ने निकायले सम्झौता बमोजिम वित्तीय दायित्व पूरा नगरेमा लगानीकर्ताले कोषले निर्धारण गरेको प्रक्रिया बमोजिम कोष समक्ष जमानत दाबी गर्न सक्नेछ।

(२) जमानत दाबी प्राप्त भएपछि कोषले देहायका विषयहरूको परीक्षण गर्नेछ: -

(क) सम्बन्धित निकायले भुक्तानी गर्नुपर्ने अधिकतम दायित्व,

(ख) ऋणको साँवा वा ब्याजको भुक्तानी हुन बाँकी अवस्था र रकम,

(ग) जमानतको सीमा तथा अवधि,

(घ) दाबी गरिएको रकम, र

(ङ) सम्झौता बमोजिम पूरा गर्नुपर्ने अन्य शर्त।

(३) उपदफा (१) बमोजिम लगानीकर्ताले गरेको दाबी उपदफा (२) मा उल्लिखित विषयका आधारमा परीक्षण गर्दा भुक्तानीयोग्य देखिएमा कोषले जमानत सम्झौता बमोजिम कुनै रकम कट्टा गर्नुपर्ने भए सो कट्टा गरी बाँकी रकम भुक्तानी गर्नेछ।

१७. <u>जमानत बापत भुक्तानी गरेको रकम असुली</u> : (१) कोषले जमानत बापत भुक्तानी गरेको रकम आयोजना कार्यान्वयन गर्ने सम्बन्धित निकायबाट असुल उपर गर्नुपर्नेछ।

(२) कोषले उपदफा (१) बमोजिम रकम असुल उपर गर्दा देहायमध्ये कुनै वा सबै उपाय अवलम्बन गर्न सक्नेछ: -

(क) उपलब्ध सुरक्षण कार्यान्वयन गर्ने,

(ख) प्रत्यजमानत (काउन्टर ग्यारेन्टी) कार्यान्वयन गर्ने,

(ग) एस्क्रो खातामा रहेको रकमबाट असुल गर्ने,

(घ) आयोजनाको आम्दानीबाट असुल गर्ने,

(ङ) सम्बन्धित निकायसँग रहेको अन्य वैधानिक सम्पत्तिबाट असुल गर्ने, र

(च) प्रचलित कानून बमोजिम अन्य असुली प्रक्रिया अपनाउने।

(३) कोषले जमानत बापत रकम भुक्तानी गरेपछि त्यस्तो रकम असुल गर्ने प्रयोजनका लागि ऋणदातासँग रहेको सम्बन्धित सुरक्षण तथा ऋणीको सम्पत्ति उपरको दाबीमा कोषको हक रहनेछ।

(४) उपदफा (१) बमोजिम प्राप्त अधिकार प्रयोग गरी कोषले ऋणी, आयोजना विकासकर्ता वा सम्बन्धित अन्य पक्षबाट रकम असुल उपर गर्न सक्नेछ।

१८. <u>आयोजना बैङ्क तयार गर्न सक्ने</u> : (१) कोषले प्रदेश सरकार तथा स्थानीय तहसँग समन्वय गरी प्रादेशिक तथा स्थानीय प्राथमिकताका पूर्वाधार आयोजनाहरूको मध्यकालीन तथा दीर्घकालीन आयोजना बैङ्कको सूची तयार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आयोजना बैङ्कमा सूचीकृत हुने आयोजनाहरुले देहायका विवरणहरू अनिवार्य रूपमा पेश गर्नुपर्नेछः -

(क) आयोजनाको नाम तथा प्रकृति,

(ख) आयोजनाको भौगोलिक क्षेत्र,

(ग) आयोजनाको अनुमानित लागत,

(घ) आयोजना सम्पन्न गर्ने अनुमानित अवधि,

(ङ) आवश्यक वित्तीय स्रोत,

(च) सम्भावित आम्दानीको स्रोत,

(छ) लगानीको सम्भावित संरचना,

(ज) ऋण तथा लगानीको आवश्यकता,

(झ) जमानत वा अन्य वित्तीय सहयोगको आवश्यकता,

(ञ) वातावरणीय तथा सामाजिक प्रभाव,

(ट) आयोजनाबाट प्राप्त हुने आर्थिक तथा सामाजिक प्रतिफल, र

(ठ) अन्य आवश्यक विवरण।

(३) आयोजना पाइपलाइनमा समावेश भएको मात्र आधारमा कुनै आयोजनाले कोषबाट वित्तीय सुविधा प्राप्त गर्ने हकको सिर्जना भएको मानिनेछैन।

१९. <u>विशिष्टिकृत संस्था स्थापना गर्न सक्ने</u> : (१) ठूला, जटिल वा बहुस्रोतबाट वित्त प्रवाह गर्नुपर्ने पूर्वाधार आयोजनाको विकास तथा सञ्चालनका लागि कोषले प्रचलित कानून बमोजिम विशिष्टिकृत संस्था (स्पेशल पर्पोज भेहिकल) स्थापना गरी त्यसमा एक्लै वा अन्य योग्य संस्था वा निकायसँग मिलेर सहलगानी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको विशिष्टकृत संस्थाको सम्पत्ति, दायित्व, आम्दानी तथा वित्तीय कारोबारलाई सम्बन्धित आयोजनासँग आबद्ध गरी छुट्टै लेखा तथा वित्तीय विवरण कायम गर्नुपर्नेछ।



नेपाल सरकार पूर्वाधार विकास मन्त्रालय

(३) विशिष्टिकृत संस्था मार्फत प्राप्त ऋण, लगानी, जमानत तथा अन्य वित्तीय दायित्वको सीमा र जोखिम कोषले निर्धारण गरे बमोजिम हुनेछ।

२०. **आयोजनाबाट प्राप्त हुने आम्दानी प्रत्यायोजन गर्न सक्ने** : (१) प्रदेश सरकार वा स्थानीय तहले पूर्वाधार आयोजनाको ऋण, ऋणपत्र वा अन्य वित्तीय दायित्वको भुक्तानी सुनिश्चित गर्न आफ्नो अधिकारक्षेत्रभित्र कानून बमोजिम प्राप्त हुने शुल्क, दस्तुर, टोल, भाडा वा अन्य आयोजना आम्दानीको सम्पूर्ण वा निश्चित हिस्सा प्रत्यायोजन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रत्यायोजित आम्दानी तोकिएको बैङ्क खातामा जम्मा हुने र वित्तीय सम्झौतामा निर्धारित प्राथमिकता अनुसार उपयोग हुने व्यवस्था गर्नुपर्नेछ।

२१. **ऋण भुक्तानी सञ्चिति कोष** : (१) कोषले जमानत प्रदान गरेको आयोजना वा स्थानीय तहले जारी गरेको ऋणपत्रको ऋण भुक्तानी सुनिश्चित गर्न सम्बन्धित आयोजना वा स्थानीय तहलाई छुट्टै ऋण भुक्तानी सञ्चिति कोष स्थापना गर्न लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा आयोजना आम्दानी, स्थानीय तह वा प्रदेश सरकारको बजेटबाट विनियोजित रकम, सेवा शुल्क तथा अन्य वैधानिक स्रोतबाट प्राप्त रकम जम्मा गर्न सकिनेछ।

(३) ऋण भुक्तानी सञ्चिति कोषमा जम्मा भएको रकमलाई उपदफा (१) बमोजिम कोषले जमानत प्रदान गरी सुरक्षण गरेको ऋणको सावाँ वा ब्याज भुक्तानी बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न पाइनेछैन।

२२. **एस्क्रो खाता सञ्चालन गर्न लगाउन सक्ने** : (१) कोषले ऋण, ऋणपत्र वा जमानतको सुरक्षा सुनिश्चित गर्न सम्बन्धित आयोजना वा स्थानीय तहलाई छुट्टै एस्क्रो खाता सञ्चालन गर्न लगाउन सक्नेछ।

(२) एस्क्रो खातामा जम्मा भएको रकमको उपयोग देहायको प्राथमिकताका आधारमा गर्नुपर्नेछ:-

(क) कानून बमोजिम अनिवार्य भुक्तानी,

(ख) आयोजना सञ्चालन तथा आवश्यक मर्मतसम्भार खर्च,

(ग) ऋण बापतको साँवा तथा ब्याजको भुक्तानी,

(घ) जमानत सम्बन्धी दायित्व, र

(ङ) सम्झौतामा तोकिएको अन्य भुक्तानी।

(३) एस्क्रो खाताको सञ्चालन तथा रकमको उपयोग सम्बन्धी विस्तृत व्यवस्था सम्बन्धित वित्तीय सम्झौतामा उल्लेख गर्नुपर्नेछ।

२३. **वित्तीय पुनर्संरचना गर्न सक्ने** : (१) यस ऐन बमोजिम कार्यान्वयन हुने कुनै आयोजना नगदप्रवाहसँग सम्बन्धित कुनै कारणले अस्थायी रूपमा वित्तीय कठिनाइमा परेको तर दीर्घकालीन रूपमा सञ्चालनयोग्य रहेको देखिएमा कोषले सम्बन्धित पक्षसँगको सहमतिमा वित्तीय पुनर्संरचना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम वित्तीय पुनर्संरचना अन्तर्गत देहायका उपाय अवलम्बन गर्न सकिनेछ :-

(क) ऋण भुक्तानी अवधि थप गर्ने,

(ख) किस्ता पुनर्निर्धारण गर्ने,

(ग) ब्याज भुक्तानीको पुनर्संरचना गर्ने,



नेपाल सरकार पूर्वाधार विकास मन्त्रालय ...कार, काठमाडौं

(घ) पुनर्वित्तीयकरण गर्ने,

(ङ) थप सुरक्षण लिने, र

(छ) अन्य उपयुक्त वित्तीय उपाय अपनाउने।

२४. **<u>विशेष अवस्थामा आयोजना व्यवस्थापनमा हस्तक्षेप गर्न सक्ने</u>:** (१) आयोजना विकासकर्ता वा सञ्चालकले सम्झौता बमोजिम आयोजना सञ्चालन गर्न नसकेमा वा त्यसबाट कोषको वित्तीय हितमा गम्भीर जोखिम उत्पन्न भएमा कोषले वित्तीय सम्झौतामा निर्धारित शर्त बमोजिम आयोजना व्यवस्थापनमा आवश्यक हस्तक्षेप गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम हस्तक्षेप गर्दा कोषले देहायका कार्य गर्न सक्नेछ :-

(क) व्यवस्थापन सुधार गर्न निर्देशन दिने,

(ख) नयाँ व्यवस्थापन नियुक्त गर्न सिफारिस गर्ने,

(ग) आयोजना सञ्चालनको जिम्मेवारी अन्य योग्य निकायलाई हस्तान्तरण गर्न सहजीकरण गर्ने, र

(घ) प्रचलित कानून बमोजिम आयोजना वा सहुलियत अधिकार हस्तान्तरण गर्न सहजीकरण गर्ने।

२५. **<u>स्थानीय पूर्वाधार ऋणपत्रको विकासमा सहयोग गर्ने</u> :** (१) कोषले स्थानीय तहको पूर्वाधार विकासका लागि ऋणपत्रको संरचना निर्माण, वित्तीय परामर्श, जोखिम मूल्याङ्कन, जमानत, सहलगानी तथा अन्य वित्तीय सहयोग उपलब्ध गराउन सक्नेछ।

(२) कोषले स्थानीय तहलाई ऋणपत्र जारी गर्न आवश्यक आयोजना तयारी, वित्तीय नमूना, जोखिम मूल्याङ्कन तथा लगानीकर्ता समन्वयमा सहयोग गर्न सक्नेछ।

(३) कोषले आवश्यकता अनुसार एकभन्दा बढी स्थानीय तहले संयुक्त रूपमा जारी गर्ने पूर्वाधार ऋणपत्रको विकास गर्न सक्नेछ।

२६. **<u>संयुक्त ऋणपत्र जारी गर्न सक्ने</u> :** (१) साझा पूर्वाधार आयोजना सञ्चालन गर्न दुई वा दुईभन्दा बढी स्थानीय तहले प्रचलित कानून बमोजिम संयुक्त रूपमा ऋणपत्र जारी गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको संयुक्त ऋणपत्रमा प्रत्येक स्थानीय तहको देहायका विवरण स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ :-

(क) वित्तीय योगदान,

(ख) ऋण दायित्व,

(ग) आम्दानीको हिस्सा,

(घ) जोखिम वहन गर्ने जिम्मेवारी, र

(ङ) ऋण सेवा भुक्तानीको दायित्व।

२७. **<u>ऋणपत्रको ऋण सेवा सुरक्षा</u> :** स्थानीय तहले ऋणपत्र जारी गर्दा कोषले आवश्यक ठानेमा सम्बन्धित स्थानीय तहलाई ऋण सेवा भुक्तानीका लागि निश्चित रकमको सञ्चिति कायम गर्न, आयोजनाबाट प्राप्त हुने

निश्चित आम्दानी लिने हक प्रत्यायोजन कोष वा कोषले तोकेको निकायलाई प्रत्यायोजन गर्न तथा एस्क्रो खाता सञ्चालन गर्न लगाउन सक्नेछ ।

२८. **पूर्वाधार वित्तीय जोखिम कोष स्थापना गर्न सक्ने :** (१) कोषले जमानत तथा अन्य वित्तीय दायित्वबाट उत्पन्न हुन सक्ने जोखिम व्यवस्थापन गर्न छुट्टै पूर्वाधार वित्तीय जोखिम कोष स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषको स्रोत देहाय बमोजिम हुनेछ :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) स्थानीय तहबाट प्राप्त रकम,

(घ) जमानत शुल्क,

(ङ) लगानीबाट प्राप्त आम्दानी, र

(च) अनुदान तथा अन्य वैधानिक स्रोत ।

२९. **वातावरणमैत्री पूर्वाधारलाई प्राथमिकता दिन सक्ने :** कोषले नवीकरणीय ऊर्जा, विद्युतीय यातायात, स्वच्छ खानेपानी, फोहोरमैला व्यवस्थापन, ऊर्जा दक्षता, जलवायु उत्थानशील पूर्वाधार तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी आयोजनालाई प्राथमिकता दिन सक्नेछ ।

३०. **हरित ऋणपत्र तथा दिगो पूर्वाधार ऋणपत्र जारी गर्न सक्ने :** (१) कोषले वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण र दिगो पूर्वाधार विकासका लागि हरित ऋणपत्र वा दिगो पूर्वाधार ऋणपत्र जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको ऋणपत्रबाट प्राप्त रकम तोकिएको प्रयोजनमा मात्र प्रयोग गर्नुपर्नेछ ।

(३) रकमको उपयोग तथा आयोजनाको उपलब्धि सम्बन्धी विवरण नियमित रूपमा सार्वजनिक गर्नुपर्नेछ ।

३१. **पूर्वाधारबाट सिर्जित मूल्यवृद्धिको उपयोग :** प्रचलित कानून बमोजिम पूर्वाधार निर्माणका कारणले कुनै क्षेत्रको जग्गा वा सम्पत्तिको वार्षिक औसत कारोबार मूल्य तोकिएको प्रतिशतभन्दा बढीले वृद्धि भएमा त्यस्तो मूल्यवृद्धिबाट प्राप्त हुने पूँजीगत लाभ कर, रजिष्ट्रेशन शुल्क लगायतका वैधानिक आम्दानीको निश्चित हिस्सा सम्बन्धित पूर्वाधार आयोजनाको वित्तीयकरणमा परिचालन गर्न सकिनेछ ।

३२. **दीर्घकालीन संस्थागत लगानी परिचालन :** कोषले पूर्वाधार ऋणपत्र तथा अन्य दीर्घकालीन वित्तीय साधनमा लगानी गर्न नेपालमा प्रचलित कानून बमोजिम योग्य बीमा संस्था, निवृत्तिभरण सम्बन्धी कोष, कर्मचारी बचत सम्बन्धी कोष, सामूहिक लगानी कोष तथा अन्य संस्थागत लगानीकर्तालाई आकर्षित गर्न आवश्यक वित्तीय संरचना विकास गर्न सक्नेछ ।

नेपाल सरकार पूर्वाधार विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

## परिच्छेद-४

## ऋण लगानी तथा असुली सम्बन्धी व्यवस्था

३३. **ऋण योग्यता मूल्याङ्कन गराउन सक्ने :** (१) कोषले ठूलो रकमको ऋण, लगानी वा जमानत प्रदान गर्नुअघि सम्बन्धित आयोजना, ऋणी वा स्थानीय तहको वित्तीय स्थिति तथा ऋणको साँवा तथा ब्याज भुक्तानी गर्ने क्षमतालाई सूचकाङ्क निर्धारण गरी स्वतन्त्र मूल्याङ्कनकर्ताबाट मूल्याङ्कन गराउन सक्नेछ।

(२) कोषले उपदफा (१) बमोजिमको ऋण योग्यता मूल्याङ्कनको आधारमा ऋणको ब्याजदर, जमानत शुल्क, सुरक्षण, प्रत्यजमानत तथा अन्य वित्तीय शर्त निर्धारण गर्न सक्नेछ।

३४. **ऋण वा अनुदान दिँदा शर्तसहित लिखित सम्झौता गर्नुपर्ने:** (१) कोषले पूर्वाधार विकाससँग सम्बन्धित निकायलाई ऋण वा अनुदान दिँदा आफ्नो हितको संरक्षण गर्न र आफूले प्रदान गरेको ऋण वा अनुदानको परिचालन सम्बन्धमा आवश्यक शर्तसहित लिखित सम्झौता गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता गर्दा कोषले ऋणको साँवा तथा ब्याज भुक्तानी तालिका तोक्न, सम्झौताको शर्त उल्लङ्घन भएमा तत्काल साँवा तथा ब्याज रकम फिर्ता गराउन तथा ऋणीले दिएको धितो, बन्धक वा अन्य सम्पत्ति र जमानतबाट असुल गर्न सक्ने जस्ता आवश्यकता अनुसारका शर्तहरू राख्न सक्नेछ।

३५. **शर्त उल्लङ्घन गरेमा कोषको अधिकार :** (१) दफा ३४ बमोजिम गरेको सम्झौता अनुसार कुनै ऋणीले कोषलाई बुझाउनुपर्ने ऋण, त्यसको ब्याज र पेस्की बापतको बाँकी रकम नबुझाई कोषसँग गरेको सम्झौतामा उल्लिखित शर्त उल्लङ्घन गरेमा वा त्यस्तो ऋणको रकम ऋणीसँग चुक्ता हुन नसक्ने पर्याप्त आधार देखिएमा भाखाको अवधि नपुगेको भए तापनि कोषले ऋणीसँग लिनुपर्ने रकम फिर्ता माग गर्न वा ऋण दिँदा धितो बापत राखेको सम्पत्ति वा त्यस्तो ऋणीको अन्य सम्पत्ति प्रचलित कानून बमोजिम कब्जा गरी चलन गर्न, बहाल वा ठेक्का पट्टामा दिन वा लिलाम बढाबढ, बोलपत्र वा आपसी छलफलद्वारा बिक्री गरी लिनुपर्ने रकम असुल उपर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कोषले ऋणीको सम्पत्ति कब्जा गरी लिलाम बढाबढ, बोलपत्र वा आपसी छलफलद्वारा बिक्री गरेकोमा कोषले लिनुपर्ने रकम लिई बढी भएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम लिलाम बढाबढ, बोलपत्र वा आपसी छलफलद्वारा पटकपटक प्रयास गर्दा पनि ऋणीको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा प्राप्त मूल्यमा बिक्री गर्दा कोषको हितमा हुने नदेखिएमा प्रचलित कानून बमोजिम ऋणीको सम्पत्तिको मोल कायम गरी सो सम्पत्तिको स्वामित्व कोषको शेयर पूँजी संरचना अनुसारका शेयरधनीको स्वामित्वमा रहनेछ।

(४) प्रदेश सरकार वा स्थानीय तहले तोकिएको अवधिभित्र ऋण चुक्ता नगरेमा नेपाल सरकार, अर्थ मन्त्रालयले सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहलाई उपलब्ध गराउने समानीकरण अनुदान वा राजस्व बाँडफाँट रकममध्येबाट कट्टा गरी कोषलाई उपलब्ध गराउनुपर्नेछ।

तर यस सम्बन्धी व्यवस्था प्रदेश सरकार वा स्थानीय तहको विधायकी एवम् कार्यकारी तहबाट स्वीकृत भई दफा ३४ बमोजिमको सम्झौतामा उल्लेख भएको हुनुपर्नेछ।



नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

३६. **कोषको अधिकार समाप्त नहुने :** (१) कोषले लिखत गराई कुनै सम्पत्ति धितो लिएको लिखतमा उल्लेख भएको शर्त बमोजिमको म्यादभित्र ऋण असुली नभएमा धितो कब्जा गर्न वा ऋण असुल गर्न कारबाही प्रारम्भ गर्नुपर्नेछ।

(२) सम्झौतामा उल्लिखित शर्त बमोजिम धितो कब्जा गरेको, भोगचलन गरेको, भाडा वा ठेक्कापट्टामा दिएको वा मुनाफा बाँड्ने गरी अरूलाई सञ्चालन गर्न दिएकोमा त्यस्तो कारणले मात्र कोषले असुल गरी लिन पाउने ऋण रकमको किस्ता नबुझाए बापतको ब्याज तथा थप दस्तुर वा धितो बिक्री गर्न पाउने कोषको अधिकारमा असर पर्नेछैन।

३७. **ऋण लगानीको सुरक्षा :** (१) कोषले ऋण लगानी गरेको पूर्वाधार विकाससँग सम्बन्धित निकाय वा कुनै संस्थाले ऋण चुक्ता गर्न असक्षम भएमा वा संस्था विघटन भएमा वा कुनै कारणले नरहेमा त्यस्तो निकाय वा संस्थाको आय स्रोत वा जायजेथामा कोषले आफ्नो हकदाबीका लागि प्रचलित कानून बमोजिम स्थापना भएको सुरक्षित कारोबार सम्बन्धी दर्ता कार्यालयमा यथाशीघ्र सूचना दर्ता गर्नुपर्नेछ।

(२) कोषले ऋणी सङ्गठित संस्था वा जमानीबाट लिखत गराई धितो लिने वा धितो लिएको सम्पत्ति कोषको नाममा पारित गर्ने सम्बन्धी प्रक्रिया अचल सम्पत्ति खरिद बिक्री सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद-५

## साधारण सभा तथा सञ्चालक समिति

३८. **साधारण सभा :** (१) कोषको साधारणसभा तथा विशेष साधारण सभा बोलाउन सूचना जारी गर्ने, साधारण सभाको गणपुरक संख्या सम्बन्धी व्यवस्था प्रचलित कम्पनी कानूनमा उल्लेख भएबमोजिम हुनेछ ।

(२) समितिले आवश्यक देखेमा विशेष साधारण सभा बोलाउन सक्नेछ।

(३) लेखापरीक्षकले कोषको लेखापरीक्षण गर्दा कुनै कारणले विशेष साधारण सभा बोलाउन आवश्यक देखी समितिलाई अनुरोध गरेमा समितिले विशेष साधारण सभा बोलाउनुपर्नेछ।

(४) कोषको चुक्ता पूँजीको कम्तीमा दश प्रतिशत शेयर लिने र शेयरधनीको कुल सङ्ख्याको कम्तीमा पच्चीस प्रतिशत हुने शेयरधनीले कारण खोली समितिसमक्ष विशेष साधारण सभा बोलाउन माग गरेमा समितिले विशेष साधारण सभा बोलाउनुपर्नेछ।

(५) कुल मत सङ्ख्याको कम्तीमा पाँच प्रतिशत मतको प्रतिनिधित्व गर्ने शेयरधनीले कुनै विषय साधारण सभामा छलफल र निर्णयका लागि पेस गर्न चाहेमा सो साधारण सभा बस्ने सूचना जारी हुनुअघि अध्यक्षसमक्ष विषयसहित दरखास्त दिन सक्नेछन्।

(६) साधारण सभामा पेस गरिने प्रस्ताव, छलफल, सभामा भाग लिने व्यवस्था र मतदान गर्ने अधिकार तथा सभा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३९. **साधारण सभामा पेस गर्नुपर्ने विषय :** (१) समितिले देहायका विषयसहित कोषको वार्षिक आयव्ययको लेखापरीक्षण प्रतिवेदन साधारण सभामा पेस गर्नुपर्नेछ :-

(क) कोषको आय व्यय विवरण तथा वार्षिक कार्य प्रतिवेदन,

(ख) शेयरधनीलाई बाँडिने मुनाफा, र

(ग) निर्वाचित वा मनोनीत हुने सञ्चालकको नियुक्ति तथा पारिश्रमिक सम्बन्धी विषय।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३८ को उपदफा (१) बमोजिम बोलाइएको प्रारम्भिक साधारण सभामा समितिले सो सभा बस्ने समयसम्म कोषले गरेको कारोबारको विवरणसहितको प्रतिवेदन पेस गर्नुपर्नेछ।

४०. **सञ्चालक समिति** : (१) कोषको उद्देश्य प्राप्तिका लागि सुव्यवस्थित रूपमा आवश्यक कार्यक्रम सञ्चालन गर्न, गराउन र कोषको सम्पूर्ण काम कारबाहीको रेखदेख तथा व्यवस्थापन गर्न देहाय बमोजिमको एक सञ्चालक समिति रहनेछ :-

(क) सचिव, मन्त्रालय वा नेपाल सरकारले सम्बन्धित विषयमा अनुभवी व्यक्तिमध्येबाट नियुक्त गरेको व्यक्ति - अध्यक्ष

(ख) कोषको शेयरधनी महानगरपालिका, उपमहानगरपालिका वा नगरपालिकाका प्रमुखमध्येबाट साधारण सभाबाट निर्वाचित एकजना - सदस्य

(ग) कोषको शेयरधनी गाउँपालिकाका अध्यक्षमध्येबाट साधारण सभाबाट निर्वाचित एकजना - सदस्य

(घ) सहसचिव, नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(ङ) सहसचिव, नेपाल सरकारको अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(च) कोषको शेयरधनी प्रदेशमध्येबाट साधारण सभाबाट निर्वाचित प्रदेश सरकारको अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालयका सचिव एकजना - सदस्य

(छ) नेपाल सरकारको स्वामित्वमा रहेका निगम, कोष, संस्थान, कम्पनी, बैङ्क र अन्तर्राष्ट्रिय वित्तीय संस्थाका शेयरधनी रहेका मध्येबाट साधारण सभाबाट निर्वाचित एकजना - सदस्य

(ज) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर तह उत्तीर्ण गरेका र पूर्वाधार, बैङ्किङ तथा वित्तसँग सम्बन्धित राष्ट्रिय वा अन्तर्राष्ट्रिय क्षेत्रमा कम्तीमा दश वर्षको कार्यानुभव हासिल गरेका विज्ञमध्येबाट नेपाल सरकारले मनोनयन गरेका कम्तीमा एकजना महिलासहित दुईजना - सदस्य

(झ) निजी क्षेत्रका बैङ्क तथा वित्तीय संस्था शेयरधनी मध्येबाट निर्वाचित एकजना - सदस्य

(ञ) प्रमुख कार्यकारी अधिकृत - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ख), (ग), (च), (छ), (ज) र (झ) बमोजिमका सदस्य साधारण सभाबाट निर्वाचित वा नेपाल सरकारबाट मनोनीत नभएसम्म बाँकी सदस्यहरूसहित समितिको बैठक बस्न र काम कारबाही गर्न बाधा पर्नेछैन।



नेपाल सरकार पूर्वाधार विकास मन्त्रालय

(३) प्रचलित कम्पनी कानूनमा जुनसुकै कुरा उल्लेख भएता पनि उपदफा (१) को खण्ड (ख), ग), (छ) र (झ) बमोजिम निर्वाचित हुने सदस्यको पदावधि दुई वर्षको हुनेछ र सो खणड बमोजिम निर्वाचित हुने कुनै सदस्यको पद पदावधि पूरा नहुँदै रिक्त हुन आएमा बाँकी अवधिका लागि सो पदका लागि सञ्चालक समिति सम्बन्धित समूहको प्रतिनिधित्व हुने गरी आवश्यक निर्णय गरी पदपूर्ति गर्नेछ ।

(४) समितिले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ, सल्लाहकार वा पूर्वाधार विकास कार्यसँग सम्बन्धित लब्धप्रतिष्ठित व्यक्तिलाई समितिको बैठकमा आमन्त्रित सदस्यका रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

४१. <u>समितिको बैठक र निर्णय</u> : (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको बैठक एक वर्षमा कम्तीमा छ पटक बस्नुपर्नेछ र दुई बैठकबीचको अन्तराल तीन महिनाभन्दा बढी हुनेछैन।

(३) एक तिहाइ सदस्यले समितिको बैठक बोलाउन लिखित रूपमा माग गरेमा समितिको सदस्य-सचिवले अध्यक्षको स्वीकृति लिई समितिको बैठक बोलाउनुपर्नेछ।

(४) समितिको सदस्य-सचिवले बैठक बस्ने सूचनासाथ बैठकमा छलफल हुने विषयको सूची समेत सदस्यलाई उपलब्ध गराउनुपर्नेछ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) समितिका कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(७) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(८) समितिको प्रत्येक बैठकमा उपस्थित सदस्यको नाम, छलफल भएका विषयवस्तु तथा बैठकमा भएका निर्णय छुट्टै निर्णय पुस्तिकामा लेखी उपस्थित सदस्यको दस्तखत गराई राख्नुपर्नेछ।

(९) समितिले गरेको निर्णयको प्रतिलिपि उपलब्ध गराउने प्रयोजनका लागि सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

४२. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नीति निर्धारण सम्बन्धी-

(अ) कोषको सञ्चालन र व्यवस्थापन तथा लगानी परिचालन सम्बन्धी नीति निर्धारण गरी कार्यान्वयन गर्ने, गराउने,

(आ) प्रचलित कानूनको अधीनमा रही कोषका कर्मचारीको नियुक्ति, बढुवा, सरुवा, बर्खास्ती, पारिश्रमिक, निवृत्तिभरण, उपदान, सञ्चयकोष, अवकाश कोष, आचरण तथा सेवा सम्बन्धी अन्य शर्तका सम्बन्धमा नीति निर्धारण गर्ने,

(इ) कोषको विनियम, निर्देशिका वा कार्यविधि तर्जुमा गरी स्वीकृत गर्ने, र

(ई) कोषले जारी गरेको डिबेन्चर वा अन्य कुनै किसिमको ऋणपत्रको नामसारी, साँवा ब्याजको भुक्तानी र तत्सम्बन्धी प्रक्रिया निर्धारण गर्ने,

(ख) योजना, कार्यक्रम र कोष सञ्चालन सम्बन्धी-

(अ) कोषको वार्षिक कार्यक्रम, बजेट तथा वार्षिक लेखापरीक्षणको हिसाब र प्रतिवेदन स्वीकृत गर्ने,

(आ) कोषसमक्ष पेस भएका योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(इ) कोषको सङ्गठनात्मक संरचना र दरबन्दी स्वीकृत गर्ने, र

(ई) कोष सञ्चालनसँग सम्बन्धित अन्य कार्य गर्ने,

(ग) साधारण सभा सम्बन्धी-

(अ) कोषको वार्षिक कार्यक्रम, वासलात तथा गत आर्थिक वर्षको नाफा-नोक्सान हिसाब, बजेट तथा वार्षिक लेखापरीक्षणको हिसाब र प्रतिवेदन तथा शेयरधनीलाई बाँडिने मुनाफा साधारण सभाको स्वीकृतिका लागि पेस गर्ने,

(आ) समितिले आवश्यक देखेका अन्य विषय साधारण सभामा पेस गर्ने, र

(इ) साधारण सभाले गरेका निर्णय कार्यान्वयन गर्ने, गराउने,

(घ) लगानी सम्बन्धी-

(अ) प्रचलित कानून बमोजिम स्थापित बैङ्क, वित्तीय संस्था वा कम्पनीबाट जारी भएको शेयर वा ऋणपत्र वा धितोपत्रमा लगानी गर्ने,

(आ) पूर्वाधार विकाससँग सम्बन्धित लगानीयोग्य आयोजना तयारी एवम् सुपरिवेक्षण गर्ने, गराउने,

(इ) कोषले दिने कर्जा तथा पुनःकर्जाको रकम, सीमा तथा शर्त निर्धारण गर्ने, र

(ई) कोषको लगानी प्राप्ति तथा लगानी परिचालन सम्बन्धी कार्य गर्ने, गराउने।

४३. उपसमिति गठन गर्न सक्ने : (१) समितिले आफ्नो कार्य सञ्चालनका लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्यावधि उपसमिति गठन गर्दाका बखत समितिले तोके बमोजिम हुनेछ।

## परिच्छेद-६

## प्रमुख कार्यकारी अधिकृत तथा कर्मचारी सम्बन्धी व्यवस्था

४४. प्रमुख कार्यकारी अधिकृतको नियुक्ति : (१) कोषको प्रशासकीय प्रमुखको रूपमा दैनिक कार्य सञ्चालन गर्न खुला प्रतिस्पर्धाका आधारमा समितिले एकजना प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति नभएसम्मका लागि समितिले कोषको वरिष्ठ कर्मचारीलाई प्रमुख कार्यकारी अधिकृतको रूपमा काम गर्ने गरी तोक्न सक्नेछ।



नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय

(३) प्रमुख कार्यकारी अधिकृतको पदावधि चार वर्षको हुनेछ।

(४) प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख कार्यकारी अधिकृतले कोषलाई हानि नोक्सानी हुने कुनै काम कारबाही गरेमा, समितिको नीति निर्देशन विपरीत काम गरेमा वा कार्यसम्पादन सन्तोषजनक नरहेमा समितिले प्रमुख कार्यकारी अधिकृतको पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनुअघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनुपर्नेछ।

४५. **प्रमुख कार्यकारी अधिकृतको योग्यता :** (१) प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्त हुन देहाय बमोजिमको योग्यता पूरा भएको हुनुपर्नेछ :-

(क) नेपाली नागरिक,

(ख) मान्यताप्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र, व्यवस्थापन, चार्टर्ड एकाउन्टेन्सी, इन्जिनियरिङ वा कानून विषयमध्ये कुनै एक विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(ग) पूर्वाधार विकास वा वित्तीय व्यवस्थापन वा बैङ्क तथा वित्तीय क्षेत्रमा कम्तीमा दश वर्षको व्यवस्थापकीय कार्य अनुभव भएको, र

(घ) पैंतीस वर्ष उमेर पूरा भएको र बैसट्ठी वर्ष उमेर पूरा नभएको।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्ति प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्त हुन योग्य हुनेछैन :-

(क) भ्रष्टाचार, चोरी, मानव बेचबिखन वा ओसारपसार, अपहरण तथा शरीरबन्धक, सम्पत्ति शुद्धीकरण, लागुऔषध कारोबार वा ओसारपसार, सङ्गठित अपराध, जबरजस्ती करणी, कीर्ते, जालसाजी तथा नैतिक पतन देखिने अन्य कुनै फौजदारी कसुरमा अदालतबाट कसुरदार ठहरिएको,

(ख) प्रचलित कानून बमोजिम कालोसूचीमा परेको भए सो अवधिभर, र

(ग) कुनै पनि विदेशी मुलुकमा स्थायी रूपमा बसोबास गर्न पाउने गरी डाइभर्सिटी इमिग्रेन्ट भिसा (डी.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.), ग्रीन कार्ड वा जुनसुकै नामको स्थायी आवासीय अनुमति प्राप्त गरेको।

४६. **प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) योजना, कार्यक्रम र समिति सम्बन्धी-

(अ) समितिका अध्यक्षसँग परामर्श गरी समितिको बैठकको विषयसूची र प्रस्ताव तयार गरी समितिसमक्ष पेस गर्ने,

(आ) कोषको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिका लागि समितिसमक्ष पेस गर्ने,

(इ) कोषले सञ्चालन गरेका कार्यक्रमको वार्षिक तथा आवधिक प्रतिवेदन तयार गरी समितिसमक्ष पेस गर्ने, र



नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ई) कोषको लगानीमा कार्यान्वयन गरिएका योजना तथा कार्यक्रमको निरीक्षण गरी त्यसको प्रगति विवरण समितिसमक्ष पेस गर्ने,

(ख) मानव स्रोत व्यवस्थापन तथा दैनिक कार्य सञ्चालन सम्बन्धी-

(अ) कोषको प्रमुख प्रशासकीय अधिकृतको रूपमा दैनिक कार्य सञ्चालन गर्ने,

(आ) कोषको स्रोत तथा मानव संसाधन व्यवस्थापन सम्बन्धी काम कारबाही गर्ने,

(इ) कोषको दैनिक कार्यको सुपरिवेक्षण तथा निरीक्षण गरी कोषको उद्देश्य अनुसार आवश्यक कार्य गर्ने, र

(ई) समितिको स्वीकृति लिई आवश्यकता अनुसार विषयविज्ञ नियुक्त गर्ने,

(ग) लगानी सम्बन्धी-

(अ) ऐन, नियम र विनियममा तोकिए बमोजिम लगानी सिफारिस गर्ने तथा अख्तियारी बमोजिम लगानी स्वीकृत गर्ने, र

(आ) कोषको आर्थिक स्रोत जुटाउन तथा लगानी गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदारसँग समन्वय र सहजीकरण गर्ने,

(घ) कार्यान्वयन सम्बन्धी-

(अ) समितिबाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(आ) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने, र

(इ) कोषको त्रैमासिक वित्तीय विवरण सार्वजनिक रूपमा प्रकाशन गर्ने,

(ङ) साधारण सभा वा समितिबाट तोकिएका अन्य कार्य गर्ने, गराउने।

४७. <u>कोषको सङ्गठन संरचना र कर्मचारी सम्बन्धी व्यवस्था</u> : (१) कोषको काम सुचारु रूपले सञ्चालन गर्न कोषमा आवश्यक सङ्ख्यामा कर्मचारी रहनेछन्।

(२) कोषको सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी समितिले स्वीकृत गरे बमोजिम हुनेछ।

(३) कोषका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्त कोषले बनाएको कर्मचारी सम्बन्धी विनियममा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद-७

## <u>कोष, लेखा तथा लेखापरीक्षण</u>

४८. <u>कोषमा रहने रकम</u> : (१) कोषको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन् :-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ख) विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ-संस्था, दुईपक्षीय वा बहुपक्षीय विकास साझेदार वा विदेशी व्यक्तिबाट प्राप्त सहयोग, अनुदान वा ऋण,



नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सिंहदरबार,

(ग) सङ्घ-संस्था, निजी क्षेत्र, बैङ्क तथा वित्तीय संस्था वा कुनै व्यक्तिबाट प्राप्त ऋण, अनुदान वा अन्य आर्थिक सहायता,

(घ) पूर्वाधार विकाससँग सम्बन्धित निकायलाई प्रदान गरेको सेवा तथा परामर्श एवम् अनुदान रकम परिचालन गरेबापत प्राप्त शुल्क,

(ङ) कोषको लगानीबाट प्राप्त रकम,

(च) डिबेन्चर तथा अन्य कुनै किसिमको ऋणपत्र जारी गरी प्राप्त रकम,

(छ) कोषको चल तथा अचल सम्पत्तिबाट आर्जन भएको रकम, र

(ज) अन्य कुनै स्रोतबाट कोषलाई प्राप्त रकम।

(३) उपदफा (२) बमोजिम कोषलाई प्राप्त हुने सम्पूर्ण रकम नेपाल राष्ट्र बैङ्कबाट "क" वर्गको मान्यता पाएको कुनै बैङ्क वा वित्तिय संस्थामा खाता खोली जम्मा गरिनेछ।

(४) कोषको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ।

(५) उपदफा (२) को खण्ड (ख) बमोजिम रकम प्राप्त गर्नुअघि नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनुपर्नेछ।

(६) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

४९. <u>लेखा र लेखापरीक्षण</u> : (१) कोषको आयव्ययको लेखा तोकिए बमोजिम राखिनेछ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखापरीक्षकबाट हुनेछ।

५०. <u>लेखापरीक्षण समिति</u> : (१) कोषको आर्थिक अनुशासन र आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न कोषमा एक लेखापरीक्षण समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

५१. <u>जगेडा कोष</u> : कोषले खुद मुनाफाबाट प्रत्येक वर्ष बीस प्रतिशत रकम छुट्याई एउटा जगेडा कोष स्थापना गर्नुपर्नेछ।

५२. <u>लाभांश वितरण</u> : दफा ५१ बमोजिमको जगेडा कोषमा रकम सारेपछि मात्र शेयरधनीलाई लाभांश वितरण गर्न सकिनेछ।

## परिच्छेद-८

## <u>विविध</u>

५३. <u>निर्णय प्रक्रियामा सहभागी हुन नपाउने</u> : (१) समितिले कुनै निर्णय गर्दा कुनै सञ्चालकको स्वार्थ बाझिने भएमा त्यस्तो सञ्चालकले सो विषयको छलफल तथा निर्णय प्रक्रियामा भाग लिनुहुँदैन।

(२) उपदफा (१) बमोजिम सञ्चालकले जानकारी नगराएको कुनै विषयमा समितिको बैठकमा भएको छलफलमा भाग लिने त्यस्तो सञ्चालकको स्वार्थ बाझिने विषय नरहेको मानिनेछ।



नेपाल सरकार पूर्वाधार विकास सञ्चालय ... काठमाडौं

५४. **काम कारबाही बदर नहुने** : समितिको कुनै सदस्यको मनोनयन नभएको कारणले मात्र समितिको काम कारबाही बदर हुनेछैन।

५५. **शपथ ग्रहण गर्नुपर्ने** : सदस्य तथा कर्मचारीले आफ्नो पदीय दायित्व सम्हाल्नुअघि तोकिए बमोजिमको शपथ ग्रहण गर्नुपर्नेछ।

५६. **प्रतिवेदन पेस गर्नुपर्ने** : (१) प्रमुख कार्यकारी अधिकृतले कोषको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र समितिसमक्ष पेस गर्नुपर्नेछ र समितिबाट स्वीकृत प्रतिवेदन साधारण सभासमक्ष पेस गर्नुपर्नेछ।

(२) साधारण सभाबाट स्वीकृत वार्षिक प्रतिवेदन सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्नेछ।

५७. **यसै ऐन बमोजिम हुने** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिएको कुराको हकमा यसै ऐन बमोजिम हुनेछ।

५८. **बैठक भत्ता** : सदस्यले समितिको बैठकमा भाग लिएबापत नेपाल सरकार, अर्थ मन्त्रालयले निर्धारण गरेको मापदण्डं बमोजिमको बैठक भत्ता पाउनेछन्।

५९. **नेपाल सरकारले आदेश वा निर्देशन दिन सक्ने** : (१) नेपाल सरकारले कोषले गरेको काम कारबाहीको आवश्यक जाँचबुझ गरी कोषको उद्देश्य अनुरूप काम कारबाही गर्न कोषलाई आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारले दिएको आदेश वा निर्देशनको पालना गर्नु कोषको कर्तव्य हुनेछ।

६०. **अधिकार प्रत्यायोजन** : समितिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार कुनै सञ्चालक, दफा ४३ बमोजिम गठित उपसमिति वा प्रमुख कार्यकारी अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

६१. **कोष विघटन वा खारेज गर्न सक्ने** : देहायको अवस्थामा नेपाल सरकारले कोषलाई विघटन वा खारेज गर्न सक्नेछ :-

(क) यस ऐनको उद्देश्य अनुरूप कोषले काम गर्न नसकेमा,

(ख) कोषले नेपाल सरकार, कुनै विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय सङ्घ-संस्थाबाट प्राप्त ऋण रकम नेपाल सरकार, विदेशी सरकार वा त्यस्तो संस्थालाई तिर्न कोष असमर्थ छ भन्ने नेपाल सरकारलाई लागेमा,

(ग) शेयरधनीले कोष विघटन उपयुक्त ठानी साधारण सभामा विशेष प्रस्ताव पारित गरी नेपाल सरकारलाई अनुरोध गरेमा, वा

(घ) दफा ५९ बमोजिम नेपाल सरकारले दिएको आदेश वा निर्देशन कोषले उल्लङ्घन गरेकाले कोषलाई विघटन गर्न वाञ्छनीय छ भन्ने नेपाल सरकारलाई लागेमा।

६२. **सम्पत्ति तथा दायित्व सर्ने** : दफा ६१ बमोजिम कोष विघटन भएमा प्रचलित कानून बमोजिम कोषको जिम्मामा रहेको सम्पूर्ण सम्पत्ति तथा दायित्व कोषको शेयर पूँजी संरचना अनुसारका शेयरधनीमा सर्नेछ।

६३. **नेपाल सरकारसँग सम्पर्क** : कोषले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालयमार्फत राख्नुपर्नेछ।



नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय

६४. **नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

६५. **विनियम, निर्देशिका वा कार्यविधि बनाउन सक्ने :** (१) कोषले आफ्नो कार्य सञ्चालन गर्नका लागि यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक विनियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम विनियम, निर्देशिका वा कार्यविधि बनाउँदा नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने विषयमा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनुपर्नेछ।

६६. **खारेजी र बचाउ :** (१) नगर विकास कोष ऐन, २०५३ खारेज गरिएको छ।

(२) नगर विकास कोष ऐन, २०५३ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) यो ऐन प्रारम्भ भएपछि नगर विकास कोषको सम्पूर्ण सम्पत्ति, दायित्व तथा अधिकार यस ऐन बमोजिम स्थापित कोषमा सर्नेछ।

(४) नगर विकास कोष ऐन, २०५३ अन्तर्गत कोषमा कार्यरत कार्यकारी निर्देशक नियुक्त हुँदाका बखत तोकिएको अवधिसम्म र कोषमा कार्यरत कर्मचारी यसै ऐन बमोजिम नियुक्त भएको मानी कोषमा बहाल रहनेछन्।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं